म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ६१ २०७९ माघ ५ गते बिहीबार 19 January 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा बाहिर ननिस्कौँ,
- धुम्रपान मद्यपान नगरौँ,
- रुघाखोकी लाग्नबाट बचौँ,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔँ,
- शारीरीक व्यायामलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ६ महिनामा थाहानगरको करिब २४ प्रतिशत खर्च

समाज संवाददाता

हेटौंडाः थाहा नगरपालिकाले ६ महिनामा करिब २४ प्रतिशतमात्रै खर्च गरेको छ। थाहा नगरपालिकाले सुशासन, पूर्वाधार, सामाजिक विकासतर्फ कूल २३ दशमलव ८८ प्रतिशत रकम खर्च गरेको उपप्रमुख भरत गोपालीले जानकारी दिनुभयो।

चालु आर्थिक वर्ष २०७९/०८० लागि थाहा नगरपालिकामा कुल १ अर्ब १७ करोड २ लाख १२ हजार रुपैयाँ बराबरको आयव्यय स्वीकृत भएको थियो। जसमा थाहा नगरपालिकाको प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार रुपैयाँ खर्च भएको देखिन्छ। यस्तै, सुशासनतर्फ ६४ लाख रुपैयाँ, पूर्वाधार विकासतर्फ ९ करोड ४० लाख रुपैयाँ, सामाजिक विकासतर्फ १२ करोड ४२ लाख रुपैयाँ र आर्थिक विकासतर्फ २३ लाख ६६ हजार रुपैयाँ गरी कुल २७ करोड ९४ लाख रुपैयाँ खर्च भएको छ। जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ।

हालसम्म अधिकांश योजना सम्झौता भई सञ्चालनको क्रममा रहेको र खर्च भुक्तानी नभएको हुँदा क्षेत्रगतरुपमा खर्च कम देखिएको उपप्रमुख गोपालीले स्पष्ट पार्नुभयो। नगरपालिकामा हालसम्म संघीय सरकारमार्फत् समानीकरण अनुदानतर्फ ७ करोड ८ लाख, सशर्त अनुदान चालु १४ करोड ३० लाख रुपैयाँ, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार रुपैयाँ र समपूरक अनुदान पुँजीगत २६ लाख ६६ हजार रुपैयाँ प्राप्त भएको जनाइएको छ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार रुपैयाँ, विशेष अनुदानमा १८ लाख रुपैयाँ, समपूरक अनुदान ७४ लाख रुपैयाँ प्राप्त भएको बताइएको छ। त्यसैगरी, राजश्व बाँडफाँडतर्फ संघ र प्रदेश सरकारबाट ४

> हालसम्म अधिकांश योजना सम्झौता भई सञ्चालनको क्रममा रहेको र खर्च भुक्तानी नभएको हुँदा क्षेत्रगतरुपमा खर्च कम देखिएको उपप्रमुख गोपालीले स्पष्ट पार्नुभयो ।

करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत, राजश्व शुल्क, गतवर्षको बैंक मौज्दात समेत गरी २८ करोड ५७ लाख रुपैयाँ रहेको उल्लेख छ । चालु आर्थिक वर्षमा नगरपालिकाले अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको उल्लेख गरेको छ।

चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मिटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मिटर गरिएको उपप्रमुख गोपालीले जानकारी दिनुभयो। ढुङ्गाको वाल ८ सय १९ मिटर तथा नयाँ सडक ट्र्याक ९ सय ३७ मिटर विस्तार भएको उहाँले बताउनुभयो।

चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट सञ्चालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन्। जसमा २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरण रहेको नगरपालिकाले जनाएको छ।

नेपालमै पहिलो पटक थाहा नगरपालिकामा स्थानीय तहले स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको उहाँले जानकारी दिनुभयो । शैक्षिक गुणस्तर वृद्धि गर्न प्रधानाध्यापक बैठक, अन्तरमाध्यमिक विद्यालय विज्ञान प्रदर्शनी, राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौं मेयर कप भलिबल प्रतियोगिता सम्पन्न गरेको छ।

यस्तै, स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शून्य अभियान सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो । दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवती जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर सञ्चालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम सञ्चालन गरी आगामी आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शून्य पालिका घोषणा गर्ने योजनाअनुसार कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

थाहा नगरपालिकाको लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्र गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट निःशुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको उहाँले बताउनुभयो। यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले निःशुल्क सेवा लिएका छन् । यस्तै, संघीय कार्यक्रमअनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिकसम्ममा ज्येष्ठ नागरिक ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिकरुपमा बैंकमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिएको उल्लेख गरिएको छ।

थाहा नगरपालिकाको १२ औं नगरसभा पुस २८ गते भएको थियो । कार्यक्रममा आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम एवम् बजेट समीक्षासहितको संशोधित बजेट नगर उपप्रमुख गोपालीले प्रस्तुत गर्नुभएको थियो । नगसभा नगर प्रमुख विष्णुबहादुर विष्टको सभाध्यक्षतामा भएको हो।

## कामका आधारमा कर्मचारीको मूल्याङ्कनः मन्त्री थपलिया

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ (जेएन) थपलियाले कर्मचारीको कामका आधारमा मूल्याङ्कन गरिने बताउनुभएको छ । मन्त्रालयका कर्मचारीहरुसँग भएको परिचयात्मक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री थपलियाले जनप्रतिनिधि र कर्मचारीको उद्देश्य एउटै रहेको प्रष्ट पार्नुभयो ।

"फरक-फरक पाटोबाट आएपनि हाम्रो मुख्य उद्देश्य जनताको सेवा गर्नु नै हो, हामीले जनताले गुनासो गर्ने गरी काम गर्नुहुन्न", उहाँले भन्नुभयो । महत्वपूर्ण काम भएमा अतिरिक्त समयमा पनि कार्यालयमा उपस्थित हुनुपर्ने भन्नुहुँदै थप कामको थप सुविधा प्रदान हुने मन्त्री थपलियाले जानकारी दिनुभयो । सबैले इमान्दारिता देखाउनुपर्ने बताउनुहुँदै जनप्रतिनिधि र कर्मचारी दुबैले दायित्व पूरा गर्न, समन्वय गर्न समूहगत कार्य गर्दै उपलब्धी निकाल्न सक्ने दक्षता प्रयोग गर्न कर्मचारीलाई मन्त्री थपलियाले निर्देशन दिनुभयो । मन्त्रालयमा हुनेगरेका काम र सम्पन्न भएका गतिविधिका बारेमा मन्त्री थपलियाले जानकारी लिनुभएको थियो ।

कार्यक्रममा मन्त्रालयका सचिव महेश आचार्यले दरबन्दी अनुसार कर्मचारीको परिपूर्ति नभएको जानकारी गराउनुभयो । मन्त्रालयमा उपसचिव, अधिकृत, नासु तहका कर्मचारीको अभाव रहेकोले समयमा काम सम्पन्न गराउन समस्या हुने गरेको उहाँले जानकारी गराउनुभयो । मन्त्री थपलियाले अपुग दर बन्दीलाई परिपूर्ति गर्न आवश्यक समन्वय गर्ने जानकारी गराउनुहुँदै सबैले जनताको अपेक्षा अनुसार काम गर्न इमान्दार प्रयत्न हरदम गर्नुपर्ने बताउनुभयो ।

**हामी गौरवान्वित भएका छौं**



आम मानिसको दृष्टिशक्ति पुनर्स्थापित गरी आफ्नो ख्याती र मुलुकको साख: विश्व समुदायमा फैलाउन सफल व्यक्तित्व आदरणीय **डा. सन्दुक रुइत बहराइन सरकार**बाट १० लाख डलर राशिको **"इसा अवार्ड"** प्राप्त गर्नुहुने खबरले हामी गौरवान्वित भएका छौं ।

डा. रुइतको योगदान अझै वृहत् बन्दै जाओस् ।
उहाँको पदचापलाई नयाँ पुस्ताले पनि आत्मसात गर्न सकुन् ।

**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट परिवार**
**हेटौंडा, मकवानपुर**
**कडा अनुशासन, स्तरीय शिक्षा**

## प्रदेश प्रहरी प्रमुख बज्राचार्यलाई बिदाई

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) किरण बज्राचार्यलाई बिदाई गरिएको छ । गत पुस २८ गतेको निर्णयअनुसार सरुवा हुनुभएका डिआइजी बज्राचार्यलाई बुधबार बागमती प्रदेश प्रहरी कार्यालयले एक कार्यक्रमको आयोजना गर्दै बिदाई गरेको हो ।

डिआइजी बज्राचार्यले २०७८ असार २२ गतेदेखि बागमती प्रदेश प्रहरी कार्यालयको प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो। डिआइजी बज्राचार्य हेटौंडाबाट नेपाल प्रहरीको प्रधान कार्यालयमा आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय नक्सालमा सरुवा हुनुभएको हो । बज्राचार्यको सरुवापछि प्रदेश प्रहरी प्रमुखमा नेपाल प्रहरी प्रधान कार्यालयको आर्थिक तथा प्रशासन शाखामा कार्यरत डिआइजी दीपक थापा आउनुहुने बागमती प्रदेश प्रहरी कार्यालयका निमित्त प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले जानकारी दिनुभयो । डिआइजी थापाले केही दिनमै बागमती प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुहुने उहाँले बताउनुभयो ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


## सम्पादकीय

# उत्साह कायम रहोस्

निर्वाचन भएको झण्डै दुई महिनापछि बागमती प्रदेश सरकारका मुख्यमन्त्रीले विश्वासको मत लिएका छन् । मुख्यमन्त्रीले विश्वासको मत पाएसँगै अब प्रदेश सरकारलाई पूर्णता दिएर प्रदेशको विकास निर्माणमा ध्यान केन्द्रित गर्नुपर्ने भएको छ । संघीय शासन व्यवस्थाको एउटा महत्वपूर्ण अंग प्रदेश सरकार हो । आ-आफ्नो प्रदेशको विकास र समृद्धिको प्रतिबद्धता गरेको यसअधिको प्रदेश सरकारको काम कारबाही खासै उल्लेख्य रहेनन् । राजनीतिक अस्थिरताका कारण विगत ५ वर्षमा बागमती प्रदेशमा ३ जना मुख्यमन्त्री बने । सबैभन्दा बढी समय मुख्यमन्त्री बनेका डोरमणि पौडेल नेतृत्वको सरकारले केही महत्वपूर्ण योजना अघि सारेको भए पनि कार्यान्वयन हुन सकेनन् । त्यसपछि निकै छोटो अवधि मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्य नेतृत्वको सरकारले एउटा मन्त्रालय थप गरेर आर्थिक भार थप्ने कामबाहेक केही काम गरेको भेटिँदैन । करिब १५ महिना प्रदेश सरकारको नेतृत्व गरेका राजेन्द्र पाण्डेको कार्यकालमा पनि सम्झनालायक कुनै काम हुन सकेन । बरु उनले प्रदेशमा ६ वटा मन्त्रालय थपेर औचित्यहीन खर्चवृद्धि मात्रै गरेका छन् ।

वर्तमान मुख्यमन्त्री शालिकराम जमकट्टेल सत्ता गठबन्धनको सहयोगमा मुख्यमन्त्री बनेका हुन् । उनी नेकपा माओवादी केन्द्रबाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । जमकट्टेलले यसअधिका दुईवटा सरकारमा प्रदेशको मन्त्री बनेर काम गरिसकेका कारण उनको नेतृत्वको सरकारप्रति केही आशा गर्न सकिन्छ । मुख्यमन्त्री जमकट्टेलले पनि मंगलबार प्रदेशसभाबाट विश्वासको मत पाएपछि आफूलाई काम गर्न उत्साह मिलेको बताएका छन् । ११० सदस्यीय प्रदेशसभाबाट १०५ प्रदेशसभा सदस्यबाट उनले विश्वासको मत पाएका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुमध्ये ३ सदस्य रहेको नेमकिपाबाहेक सबै दलबाट जमकट्टेलले विश्वासको मत पाएका हुन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने करिब सबै सांसदहरुले आफूलाई विश्वासको मत दिएका कारण काम गर्ने उत्साह मिलेको उनको भनाइ छ । प्रदेशमा स्थायित्व, सुशासन र विकासका निम्ति सबै एकै ठाउँमा भएको अवस्थामा काम गर्न उत्साह मिलेको उनले बताएका हुन् ।

मुख्यमन्त्री जमकट्टेललाई अहिलको अवस्थामा काम गर्न अवसर र चुनौती दुबै छ । प्रदेशमा मन्त्रालयको संख्या १४ बाट घटाएर ११ मा ल्याउने उनको योजना सकारात्मक मान्नुपर्छ । सकेसम्म मन्त्रालयको संख्या अझ घटाएर ७/८ वटामा सिमित गर्न सकेमा झनै राम्रो हुनेछ । तर, मुख्यमन्त्रीले चाहेजस्तो सजिलो छैन । ५ वटा दलको समर्थन र ६ वटा दलको विश्वासको मत प्राप्त गरेका मुख्यमन्त्रीलाई सरकारलाई पूर्णता दिनु पहिलो चुनौती हुनेछ । सबै दलहरुबाट मन्त्री बन्ने आकांक्षी धेरै हुने र मन्त्रालयको संख्या घटाउनुपर्ने भएका कारण भागबण्डा मिलाउन निकै सकस हुने देखिन्छ । जसोतसो सरकारलाई पूर्णता दिएपछि पनि काम गर्न सजिलो पक्कै हुँदैन । सत्ता गठबन्धनका सबै दलको सहमतिमा काम गर्नुपर्ने भएकाले सरकारले प्रभावकारी नीति, कार्यक्रम र बजेट ल्याउन थप चुनौतीपूर्ण हुनेछ ।

आफ्नो कार्यकालमा परिणाममुखी काम गरेर समृद्ध बागमतीको सपना साकार पार्ने हौसला राखेका मुख्यमन्त्रीको कार्यशैली कस्तो हुन्छ ? हेर्न बाँकी छ । प्रदेश एक्लैले केही गर्न सक्दैन । संघ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश सरकारको प्रभावकारिता निर्भर रहन्छ । सानातिना कुराहरुमा असन्तुष्टि जाहेर गर्ने राजनीतिक संस्कारले सरकारलाई काम गर्न बाधा पुग्नेछ । प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरुमा आफ्नो प्रदेशलाई कस्तो बनाउने, कुन कामलाई प्राथमिकता दिने र विवादरहित भएर कसरी काम गर्ने भन्ने स्पष्ट योजनाबिना जति नै उत्साहित भए पनि परिणाम देखिने काम हुन सक्दैन । प्रदेशको आवश्यकता र विशिष्टताको स्पष्ट पहिचान गरेर भएका स्रोत साधनको उचित परिचालन गर्न सक्नुपर्छ । सम्झनालायक र परिणाममुखी काम गरेर बागमती प्रदेशलाई नमुना प्रदेश बनाउन मुख्यमन्त्रीको उत्साह कायम रहोस्, हाम्रो शुभकामना छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक र सामाजिक काममा सरिक भइनेछ । |
| वृष | : आहार-विहारमा विशेष ध्यान पुऱ्याउनु पर्ला । |
| मिथुन | : व्यापार-व्यवसाय ठिकै रहने समय योग छ । |
| कर्कट | : अध्ययन-अध्यापनका क्षेत्रमा कमजोर होला । |
| सिंह | : धार्मिक अनि सामाजिक काममा सरिक भइनेछ । |
| कन्या | : राजनीतिक काममा सरिक भइने समय छ । |
| तुला | : भेटघाटमा सरिक भइने समय योग छ । |
| वृश्चिक | : रिसलाई काबुमा राख्दा राम्रो रहनेछ । |
| धनु | : धार्मिक र सामाजिक काममा सरिक भइने छ । |
| मकर | : पढाई-लेखाई मध्यम कारक मान्नु पर्ने समय छ । |
| कुम्भ | : सामाजिक र राजनीतिक कामबाट पद र सम्मान । |
| मीन | : खानपानमा विशेष ध्यान पुऱ्याउनुपर्ने समय छ । |

# सुशासनको सुरुआत संसदबाटै गरौं न !



✍ सुमना श्रेष्ठ

२०७९ पुस २६ गते मंगलबार । संघीय संसदको दोस्रो प्रतिनिधि सभाको दोस्रो बैठक- प्रधानमन्त्रीले विश्वासको मत लिने कार्यसूची !

बिहानको ११ बजे राखिएको प्रतिनिधि सभा बैठक भ्याउन घरबाट अलि छिट्टै हिंड्नै पऱ्यो । पार्टीको संसदीय दलमार्फत १०:२३ मा मैले खबर पाउँछु- बैठक २ घन्टा सरेको छ ।

म पुरानो बानेश्वरको उकालो कटेर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रस्थित संघीय संसद भवन पुग्नै लागिसकेकी थिएँ ।

ठीक एकदिनअघि भएको प्रतिनिधि सभाको पहिलो बैठकमा हामीले गरेको सुशासन र समृद्धिको प्रतिबद्धता ताजै थियो । तर आजको यो घटना पहिलो गाँसमै ढुंगासरह भयो !

यसले सुशासनका नारालाई जिस्क्याइरहेजस्तो ठानें ।

यो त एउटा उदाहरण मात्रै हो ।

प्रतिनिधि सभाका बैठक तथा कामकारबाही सञ्चालनमा अनेकन कमजोरी देखिएका छन्, देखिने नै छन् । प्रतिनिधि सभाको दुइटा बैठकमा उपस्थिति जनाउँदै मैले प्रशस्तै समस्याहरु देखें । एउटा विषयको मात्रै होइन, समस्त प्रणालीकै सुधार जरुरी छ । संघीय संसदको सदस्यका रूपमा संसदमा सुशासनको सुरुआत गर्न मैले एउटा उपाय देखेकी छु, त्यो हो- संसदीय क्यालेन्डर !

संसदीय क्यालेन्डरमार्फत संसदीय अधिवेशन र बैठकका सत्रहरु पहिल्यै निर्णय गरेर प्रकाशन गरिन्छ । यसका साथै तत् तत् बैठकहरुमा के कस्ता एजेन्डामाथि छलफल हुने हो भन्ने विषय पनि सम्बन्धित सांसद र नागरिकका जानकारीका लागि सार्वजनिक गरिन्छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा संयुक्त अधिराज्य बेलायत, न्युजिल्यान्ड, अस्ट्रेलिया, क्यानडा लगायतमा मुलुकमा कुन कुन दिन बैठक बस्छ र संसदको अधिवेशन कहिलेदेखि कहिलेसम्म सञ्चालन हुन्छ भनेर पहिल्यै निर्धारण गरेर क्यालेन्डर निर्माण गरिन्छ । क्यानडाले त सन् १९८२ देखि निरन्तर निश्चित संसदीय क्यालेन्डरको प्रयोग गरिरहेको छ । बेलायतको संसदमा एक हप्तासम्मको एजेन्डा र कार्यसूची एक हप्ताअघि नै टुंग्याएर सार्वजनिक गर्ने अभ्यास छ । यस्ता क्यालेन्डर र एजेन्डा सहजै गुगलमा एक सर्चको भरमा भेट्न सकिन्छ ।

नेपालमा भने संसदीय क्यालेन्डर सम्बन्धी अभ्यास वा व्यवहार देखिंदैन । अधिवेशन र बैठकको क्यालेन्डर नहुँदा प्रतिनिधि सभा सदस्यले बैठकको अनिश्चिततामा अलमलिन बाध्य भइरहेका छन् ।

### संसदमा लोकतन्त्रको सुदृढीकरण

अहिलेजस्तो तत्काल एजेन्डा तयार गरिने वा सूचना दिने प्रवृत्तिले सांसदलाई तयारीका लागि उपयुक्त समय प्रदान गर्दैन । संसदमा तयारी बिनाको उपस्थिति श्राद्धमा बिरालो बाधेजस्तो मात्रै भइरहेको छ । एजेन्डासहितको निश्चित क्यालेन्डर निर्माण गरेपछि तत् सम्बन्धमा सांसदले आम नागरिकसँग अन्तरक्रिया गर्ने र सल्लाह सुझाव लिने अवसर समेत पाउँछन् । यस्तो अभ्यासले संसदमा नागरिकको प्रतिनिधित्व अझ प्रभावकारी बनाउँछ र लोकतन्त्रलाई सुदृढ गर्छ ।

यसका साथै सांसदहरुले तोकिएका दिनमा बैठकमा उपस्थित हुने र अन्य दिनमा नीति निर्माणसम्बन्धी अन्य कार्यक्रममा सहभागी हुने लगायतका योजना बनाउन पाउने छन् जुन प्रतिनिधि सभालाई थप उत्पादक बनाउने छ। बैठकसाग नजुधाई अन्य कार्यक्रम बनाउन सहज हुन्छ, जसले संसदमा अत्यधिक सांसद गयल हुने प्रवृत्तिलाई पनि अवश्य घटाउँछ ।

पूर्वनिर्धारित एजेन्डासहितको कार्यसूची सार्वजनिक भएपछि नागरिकले आफूले इच्छ्याएको संसदको बैठकमा सहभागी हुने अवसर समेत पाउने छन् । अहिलेको अभ्यास हेर्ने हो भने उच्चस्तरीय पहुँच र गोप्य स्रोतका भरमा सीमित नागरिकले मात्र संसदमा दर्शकका रुपमा उपस्थित हुँदै आएका छन् ।

अर्कोतर्फ, एउटा प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । असीमित बाचा र प्रतिबद्धता सीमित समयमा कसरी पूरा गर्ने ? यसको उचित मार्गचित्र र आधार तयार गर्न पनि संसदीय क्यालेन्डर निर्माण गर्नु जरुरी छ । समग्रमा संसदीय क्यालेन्डरले सांसदको अर्थपूर्ण र क्रियाशील सहभागिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्नुका साथै संसदभित्रको लोकतन्त्र सुदृढ गर्न मद्दत गर्छ ।

### संसदीय कार्यविधिमा सुधार

छोटो सूचनामा अस्पष्ट कारण उल्लेख गरी बैठक स्थगित गर्दा त्यसका बहुआयामिक प्रभाव हुन्छन् । सांसदको दैनिकी त त्यसले उथलपुथल पार्छ नै, सांसद त्यस दिन संलग्न हुने अन्य बैठक तथा कार्यक्रममा उपस्थित वा संलग्न हुने अन्य मानिसहरुको समय समेत बर्बाद गर्छ । त्यसकारण समयको उचित सदुपयोग गर्न, जुनसुकै निर्णय गर्न पनि अन्तिम मिनेटसम्म कुर्ने परिपाटीको अन्त्य गर्न र सुशासनको प्रत्याभूति सार्वभौम संसदको तहबाटै नागरिकलाई दिलाउन संसदीय क्यालेन्डरको निर्माण र इमानदार कार्यान्वयन आवश्यक छ ।

संसदीय क्यालेन्डरसँगै सांसदको हाजिरीको विवरण पनि सोही समयमा तत्काल सार्वजनिक जानकारीमा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । प्रतिनिधि सभा नियमावलीमा विद्युतीय उपकरणको विकल्प भए पनि व्यवहारमा भने कलमले कागजमा नै हस्ताक्षर गरेर हाजिरी जनाउने गरिएको मैले पाएँ । यसलाई पूर्ण रूपमा बायोमेट्रिक विद्युतीय हाजिरीले विस्थापन गर्न आवश्यक छ । यस्तो हाजिरी बैठकमा आसन ग्रहण गर्नुअघि र बैठकबाट निस्किसकेपछि दुई पटक गर्ने नियम बनाउनुपर्छ । एक पटक मात्र हाजिरी गर्ने अभ्यासले हाजिरी मात्रै गरेर बैठकमा नबसी हिंड्ने वा बैठक पूरा नभई हिंड्ने परिपाटीलाई बढावा दिन्छ ।

जनप्रतिनिधि कति बेला बैठकमा प्रवेश गरे र कति बेला निस्किए भन्नेबारेको जानकारी नागरिकले पाउनुपर्छ । कतिपय देशमा फोहोर सफा गर्ने गाडी त कहाँ छ भनेर रियल टाइममा ट्र्याक गर्न सकिन्छ भने हाम्रा सांसदहरू संसदमा कति बेला प्रवेश गरे र कति बेला निस्किए भन्ने विवरण हामीले किन नपाउने ?

सुरुआत गर्ने बेलामा यो सानो र अनावश्यक लागे पनि यस अभ्यासले जनप्रतिनिधिलाई पनि संसदको सार्वभौमिकता र आफ्नो कर्तव्यको दुरुपयोग गर्ने हक हुँदैन भन्ने प्रष्ट पार्छ । नागरिकको मतको सदुपयोग गर्न पूर्ण समय बैठकमा उपस्थित हुनैपर्छ ।

यस्तै, हाम्रो प्रतिनिधि सभाको अभ्यास हेर्दा सामान्यतया बैठक दिनको एक बजे या बिहानको ११ बजे सुरु हुन्छ । ट्राफिकको उच्च चाप हुने बिहानको समयमा बैठक राख्दा एकातर्फ ट्राफिक जाम बढ्न गई नागरिकलाई झन् सास्ती हुने र अर्कोतर्फ बैठकस्थल आइपुग्न सांसदलाई पनि अत्यधिक समय लाग्ने अवस्था छ । यसको समाधानका लागि बिहान ११ बजेको सट्टा सडकमा सवारीसाधन आवागमनको तथ्यांकका आधारमा बिहान कम चाप हुने समयमा सुरु हुनेगरी संसदीय क्यालेन्डर तयार गर्नु उपयुक्त देखिन्छ ।

यस्तै बैठकका बीचमा खाना खाने छुट्टै समय पनि उपलब्ध भएको देखिएन । सांसदहरु खाना खान बैठक चलिरहेकै समयमा उठेर बाहिर गइरहेको देखिन्थ्यो । यसरी त सांसदहरु बैठकस्थलमै उपस्थित भएर पनि संसदको सत्रमा सहभागी हुँदैनन् । तसर्थ बैठक सत्रको बीचमा खाना खान निर्धारित समय व्यवस्था पनि उक्त क्यालेन्डरमा समावेश गरिनुपर्छ ।

### नागरिक हस्तक्षेप जरुरी

मैले यी मेरा अनुभव र सुझावहरू यसै लेखिरहेकी छैन । जब प्रतिनिधि सभा बैठक २ घन्टा सारिएको र त्यो अनुचित भएको कुरा मैले मेरा सामाजिक सञ्जाल ट्विटर र फेसबुकमा राखें, अधिकांशले मलाई सामाजिक सञ्जालको साटो संसदमा गएर यी कुरा उठाउन सुझाव दिए ।

अन्य केहीले 'नयाँ जोगीले धेरै खरानी घस्छ' र 'देशमा भ्रष्टाचार, अनियमितता लगायतका विषय हुँदाहुँदै कति सानो कुरामा केन्द्रित भएको ?' भनेर व्यंग्य पनि गरे ।

यो घटनाले के महसुस हरायो भने मैले सबै समस्याको समाधानका रुपमा संसदीय क्यालेन्डर प्रस्ताव गरिरहँदा त्यसको सबैभन्दा महत्वपूर्ण एउटा पूर्वसर्त भने छ । त्यो हो- हाम्रो इमानदारिता ।

हामीले 'नेपाली समय' को मानक भत्काउन आवश्यक छ । नत्र जति नियम बनाए पनि जति कार्यविधिमा सुधार गरे पनि सारमा हामी जहाँको तहीं हुनेछौं ।

उदाहरणका लागि हामीमध्ये हरेकले जीवनको कुनै कालखण्डमा सेवाग्राहीका रुपमा सरकारी कार्यालयमा दुःख पाएका छौं । हाम्रो समयको अवमूल्यन भएको महसुस गरेका छौं ।

हाम्रो देशमा एकाध मानिसको सुविधाका लागि यति धेरै मानिसको समयलाई किन अवमूल्यन गरिन्छ ? प्रतिनिधि सभामा समेत यस्तै ताल हो भने एउटा आम नागरिकले सुशासन द्रुत र प्रभावकारी सरकारी सेवाको अपेक्षा कसरी गर्ने ?

यस्ता सबै समस्याको जड हामीले समयलाई सम्मान नगर्ने प्रवृत्ति नै हो । समयमा आफ्नो जिम्मेवारी पूरा गर्नमा सबै इमानदार हुने हो भने अन्य 'ठूला' समस्याको पनि हल हुनेछ ।

सुशासनका सुरुआत राज्यमा नागरिकको संलग्नताबाट नै हुन्छ । म मेरो सामाजिक सञ्जाल र यस आलेखमार्फत आम नागरिकलाई संसदमा भइरहेको गतिविधिबारे सूचना दिन चाहन्छु र यस विषयलाई सार्वजनिक बहसमा ल्याउन आह्वान समेत गर्छु ।

जबसम्म आम नागरिकले शासन प्रणाली बदल्न प्रत्यक्ष हस्तक्षेप गर्दैनन् तबसम्म सुशासनको नारा नारामै सीमित रहन्छ । भाग्यवादलाई शिरोपर गरेर यहाा यस्तै हो भनी स्वीकार गरेर बस्ने छुट कसैलाई छैन ।

म आम नागरिकलाई सोध्न चाहन्छु - के हामी केही सीमित मानिसको सुविधाका लागि देशको सार्वभौम संसद र २७५ सांसदहरूको समय नष्ट गरिरहन तयार छौं ? के हामी हामीले तिरेको कर र दिएको मतले नीति निर्माणको तहमा पुगेकाहरु संसदमा अर्थपूर्ण रुपमा सहभागी नभई औपचारिकता मात्र पूरा गरिरहेको तथ्य स्वीकार गर्न तयार छौं?

या हामीले सुशासनको सुरुआत गरिमामय संसदबाटै गर्न आवश्यक छ ? पदीय जिम्मेवारी र उत्तरदायित्व नेताहरुका मिठा भाषणमा मात्र नभएर व्यवहारमा पनि देख्न चाहन्छौं ? यी प्रश्नहरुको जवाफसँगै हामीले उल्लिखित समस्याको सहज समाधान पनि पाउने छौं । आफ्ना जनप्रतिनिधिलाई फोन गरौं, एसएमएस गरौं र प्रश्न गरौं यस्ता विषयमा ।

निरन्तर संवाद र सम्पर्कमा कायम रहिराखौं । अबको पाँच वर्षपछि आउने अर्को आवधिक चुनावसम्म नपर्खिकन नेपाली नागरिकले अहिल्यै आफ्ना जनप्रतिनिधिलाई उत्तरदायी र जवाफदेही बनाउने अवसर छ । सक्रिय रुपमा सहभागी भएर त्यो अवसरको सदुपयोग गरौं, बेथितिको अन्त्य र सुशासनको सुरुआत गरौं !

*(लेखक श्रेष्ठ प्रतिनिधि सभा सदस्य हुन्/ स्रोतः सेतोपाटी)*

# बालबालिकाले बिहानको नास्ता खानैपर्छ ?



✍ सुमित्रा लुईटेल

जापानी उखान छ- बिहानको खाना आफूले खानु, दिउँसो साथीसँग बाँडेर खानु र रातिको खाना शत्रुलाई दिनु । यसले दैनिक खानाको तालिका कस्तो हुनुपर्छ भन्ने औंल्याउँछ । बिहान भरपेट खानुपर्छ, दिउँसो त्यसको आधा भाग भए पुग्छ र राति त नखाएकै बेस भन्ने गरिन्छ ।

तर खानपानको यो तालिका विपरीत छ हाम्रो खानपान शैली । हामी बिहान थोरै खान्छौं र क्रमशः त्यो मात्रा बढाउँदै राति अत्यधिक खाइदिन्छौं । जबकि शरीरलाई दिनभरका लागि आवश्यक ऊर्जाको स्रोत भनेको बिहानको नास्ता-खाना हो । त्यही नास्ता नै हामीले छुटाउन थालेको पोषणविद्हरु बताउँछन् ।

बिहानको नास्ताले शरीरको पचाउने यन्त्रलाई सक्रिय बनाउँछ र दिनभरको लागि ऊर्जा प्रदान गर्ने विभिन्न अध्ययनमा उल्लेख छ । बिहान उठेपछि मस्तिष्क र मांसपेशीलाई सक्रिय बनाउन पनि बिहानको नास्ता अनिवार्य हुनुपर्ने बताइएको छ । यसले खराब कोलेस्टेरोलको मात्रा नियन्त्रण गर्छ भने हृदयरोग र मधुमेहको जोखिम पनि कम गर्ने बताइन्छ ।

राति खाना खाएर सुतेपछिको कम्तीमा ९-१० घण्टा हाम्रो पेट खाली हुन्छ । यसपछि गरिने नास्ताले शरीरको ऊर्जा र पोषक तत्वको भण्डारलाई भरपाइ गर्छ । खासगरी विद्यालय जाने उमेरका बालबालिकालाई बिहानको नास्ता एकदमै जरुरी हुन्छ ।

युरोपियन एसोसिएसन अफ टिचर्सका महासचिव जिन क्लाउड गोगोनसँग विद्यालयमा बालबालिका पढाएको लामो अनुभव छ । बिहानको नास्ता गरेका बालबच्चा कक्षाकोठामा बढी जागरुक, ऊर्जावान् र सतर्क रहेको उनको भनाइ छ ।

यस्तो विचार राख्नेमा उनी एक्ला छैनन् । विश्व स्वस्थ्य संगठन (डबलुएचओ) का तर्फबाट एडिनबर्ग विश्वविद्यालयले सन् २००८ मा विद्यालयका बालबालिकाको स्वास्थ्य व्यवहारमाथि गरिएको एक अध्ययनमा पनि यो कुरा उल्लेख थियो ।

### के खाने नास्तामा ?

बिहानको नास्तामा चना, उसिनेको अण्डा, सातु, रोटी, भुटेको मकै-भटमास, कोदोको सुप, झोल तरकारी एकदमै उपयोगी हुने पोषणविद्को सुझाव छ । यसैगरी अंकुराएको गेडागुडी, मौसमी फलफूल पनि नास्तामा सामेल गर्नु उपयुक्त हुन्छ । मौसम अनुसार प्रकृतिमा जे उत्पादन हुन्छ, त्यही खानेकुरालाई नास्ताको रुपमा खान सकिन्छ । जस्तो अहिले कन्दमूल पाइन्छ । सखरखण्ड, पिंडालु, तरुल आदि एकदमै राम्रो नास्ता हुन सक्छ ।

पोषणविद् आरेम कार्की भन्छन्, 'घर कै उत्पादन वा आफ्नै भान्सामा पाकेको ताजा र पोषिलो खानेकुरा खानुपर्छ । बिस्कुट, चाउचाउ वा बजारका प्रशोधित खानेकुरा चाहिं नास्ताको रुपमा खानै हुन्न ।'

...बाँकी पृष्ठ ३ मा

# 'शिक्षकले आफ्नो सोच बदल्नु पर्‍यो'

शिक्षण विधि र पद्दतिका विषयमा अनेकौं अध्ययन-अनुसन्धान भइरहेका छन् । बालबालिकालाई प्रभावकारी शिक्षा दिलाउन शिक्षण विधि र पद्दतिमा सरलीकरणका प्रयासहरु उल्लेखनीय हुन सकेको छैन । पछिल्लो समय स्टीम विधि अर्थात विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितलाई एकीकृतरुपमा शिक्षण विधिमा प्रयोग गर्ने अवधारणाले शिक्षण अभ्यास प्रभावकारी हुने दावी गरिँदै आएको छ । यही स्टीम विधिको विषयमा हेटौंडामा केही विद्यालयका विद्यार्थी र शिक्षकलाई सहजीकरण गर्न हेटौंडा आइपुग्नुभएका काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा. ईन्द्रमणि श्रेष्ठसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ गर्नुभएको कुराकानी:



प्रा.डा. ईन्द्रमणि श्रेष्ठ
काठमाडौं विश्वविद्यालय

**के परियोजना के कार्यक्रमका लागि हेटौंडा आउनु भयो ?**
**श्रेष्ठ**: काठमाडौं विश्वविद्यालयले शिक्षालाई तल्लो तहसम्म पुऱ्याउने सन्दर्भमा अहिले विभिन्न विद्यालयसँग सहकार्य गरेर काम गरिरहेको अवस्थामा त्यस्तै कारखाना नेपाल भन्ने छ । उनीहरुसँग पनि सहकार्य गरेर विभिन्न ठाउँहरुमा जाँदै विभिन्न प्राईभेट बोर्डिङ स्कुल र सामुदायिक स्कुलहरुमा शिक्षामा के गर्न सकिन्छ भनेर विभिन्न कार्यशालाहरु चलाउने गर्छौं । स्टिम एजुकेशन बिधिबाट कसरी शिक्षा दिन सकिन्छ भन्ने सन्दर्भमा म एउटा कार्यशालामा सहभागी हुन हेटौंडा आइपुगेको हुँ ।

**शिक्षण अभ्यासमा स्टिम बिधिलाई कसरी बुझ्न सक्छौं ?**
**श्रेष्ठ**: यो बुझ्नलाई धेरै गहिराईमा जाने नै होईन । यो एउटा बिधि हो । यसमा अंग्रेजी पाँच वटा अक्षर हुन्छ । एस, टी, ई, ए, एम जसको अर्थ हुन्छ एस-साईन्स, टी-टेक्नोलोजी, ई-ईन्जीनियरिङ, ए-आर्टस्, एम-म्याथम्याटिक्स । नेपाली विषय पढाउनेले पनि यो बिधि लगाउन सक्छ । जसमा साईन्स भनेको अनुसन्धात्मक हो । जसमा साईन्स अर्थात नेपाली वा कुनै पनि विषय पढाउँदा अनुसन्धान गराउन सकिन्छ । त्यस्तै टी अर्थात टेक्नोलोजी त्यसको चै सही तरिकाले टेक्नोलोजीको प्रयोग कसरी गर्ने टेक्नोलोजी भनेको कम्प्युटर ल्यापटप यो हाइफाई मोर्डन मात्र होईन । हाम्रो लोकल टेक्नोलोजी पनि छ । जस्तै ढिकी, जाँतो यिनीहरुलाई कसरी सही प्रयोग गरेर शिक्षण सिकाईमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा भयो ।
यस्तै ईन्जिनियरिङ छ । ईन्जिनियरिङ भनेको ठुला-ठुला भवन पुल बनाउने होईन । ईन्जिनियरिङ भनेको डिजाईन थिङ्कीङ हो । त्यसले प्लान गर्ने, खाका-योजना बनाउने हो । निश्चित बिधिबाट बच्चालाई कसरी पढाउन, सिकाउन सकिन्छ भन्ने हो । त्यसपछि आर्टस् छ । आर्टस् भन्ने बित्तिकै साईन्स, म्याथ पढ्न नसक्नेले पढ्ने हो भन्ने बुझिन्थ्यो तर त्यो होईन । आर्टस् भनेको एउटा कला, कलाले मान्छेलाई क्रियटिभिटी, सिर्जनशिलता, कल्पनाशिल बनाउने हो । यसले बच्चाहरुलाई पोजिटिभ एटिच्युड बढाउँछ । अनि म्याथम्याटिक्स भनेको दुई तियाँ छ, चार पन्चे बीस भन्ने मात्र होईन । यसले गणनात्मक सोच बढाउँछ ।

**कुनै विद्यालयले स्टिम अवधारणा कार्यान्वयन गर्छु भन्यो भने विद्यालयले गर्नुपर्ने तयारी के हुन्छ ?**
**श्रेष्ठ**: एकदम सजिलो छ । सर्वप्रथम म विद्यालयका शिक्षकहरुलाई स्टिमको बिधि बुझाउनु पर्‍यो, ट्रेनिङ दिनु पर्‍यो । त्यसको लगत्तै उहाँहरु कक्षामा जान सक्नु हुन्छ । बस यत्ति हो कि शिक्षकले आफ्नो सोच बदल्नु पर्‍यो र स्टिम बिधि राम्ररी बुझ्नु अथवा सिक्नु चै पर्‍यो ।

**स्टिम बिधिलाई कार्यान्वयन गर्न अहिले उपलब्ध विद्यालयका शिक्षक, प्रधानाध्यापकबाट सम्भव देख्नुहुन्छ ?**
**श्रेष्ठ**: एकदम मजाले सकिन्छ । पहिलो कुरो के भन्दा सोँचमा परिवर्तन आउनु पर्‍यो ।

**त्यहि सोच परिवर्तन गर्न चैं के गर्नु पर्‍यो ?**
**श्रेष्ठ**: त्यसको लागि नियमित छलफलमा जानु पर्‍यो ।

**विद्यालयमा अभिभावक आउँदैनन् भनेर प्रधानाध्यापक, शिक्षकहरु अभिभावक नै नबोलाउने शैलीमा १०-४ को जागिर कटाउने बाहेक नयाँ काम भएको देखिँदैन ।**
**श्रेष्ठ**: त्यो सब पहल नभएर हो । विद्यालयमा भेला भएर ठुलै मेला चलाउनु पर्छ भन्ने छैन । जतिखेर अभिभावक भ्याउनु हुन्छ त्यतिखेर हामी उहाँको घरमै पुग्न सक्छौं नि ।

**सिंगो पालिका भित्र नै यो कार्यक्रम लागु गरौं भनेर जानु पर्‍यो भने पालिकालाई हामीले कसरी बुझाउन सक्छौं ?**
**श्रेष्ठ**: त्यसका लागि सबैभन्दा पहिला पालिकाले बजेट छुट्याउनु पर्‍यो । काठमाडौं युनिभर्सिटीसँग सम्झौता गर्ने, सम्झौता गरिसकेपछि कुन-कुन कार्यक्रमहरु कसरी लाने त्यो योजनाहरु हामी उपलब्ध गराउँछौं ।

**कार्यशालामा सहभागी हुने विद्यार्थीहरुले यसलाई कसरी बुझ्ने ?**
**श्रेष्ठ**: यसबाट विद्यार्थीहरुले बुझ्ने के हो भन्दा अब साईन्स पढाउन फलाने शिक्षक आउनु हुन्छ अनि हामीलाई पढाउनु, सिकाउनु हुन्छ भनेर बस्नु भन्दा पनि यो त हामी आफैंले खोज्ने रहेछ अनि अल्झेको ठाउँमा शिक्षकहरुले सहयोग गर्नु हुने रहेछ । आफैं गर्‍यो भने सबै हुने रहेछ, नसकेको कुराहरु अभिभावक-शिक्षक सबै हुनुहुन्छ । त्यो सोचमा परिवर्तन आएपछि म गर्न सक्छु वा हामी मिलेर गर्न सक्छौं भन्ने पोजेटिभ चरित्र र विश्वास बढ्छ ।

# नारायणगढ–मुग्लिन सडक: थप एक महिना दिउँसो बन्द हुने

चितवन: नारायणगढ–मुग्लिन सडकको काम नसकिएपछि थप एक महिना बाटो बन्द गरेर काम गरिने भएको छ । दिउँसोको समयमा सवारी रोकेर पुल निर्माणका लागि भित्तो काटिँदै आइएको थियो ।

गत पुस ५ गतेबाट ३० दिनका लागि बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म सडक रोकेर काम गरिँदै आएको थियो । यही माघ ५ गतेबाट भने दिउँसो १२ बजेदेखि ४ बजेसम्म थप ३० दिन बन्द गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालयमा बुधबार सम्पन्न सरोकारवालाको बैठकले काम नसकिएपछि दिन थप गरेर काम सम्पन्न गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी अश्मान तामाङले सवारी नरोकी भित्तो काट्न नसकिने भएकाले थप एक महिना बन्द गर्ने निर्णय गरिएको बताए ।

सो आयोजना हेर्दै आएको नागढुंगा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन) का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारी रोकेर काम गर्दा प्रभावकारी भएको छ । निर्माणाधीन पाँच पुलमध्ये तीनको भित्तो काट्ने काम सकिएको छ । यसअघि भएको निर्णयअनुसार माघको ४ गते ३० दिन पुगेको छ । पुसको ३० गते र माघको १ गते माघे संक्रान्तिका कारण सवारी रोकिएको छैन ।

उनका अनुसार सिमलताल, कालीखोला र नाम्ची खोलाको पुलको काम सकिएको हो । चिसेन्जी र तुइन खोलाको पुलको भित्तो काट्न बाँकी रहेको छ । तुइनको दायाँपट्टिको भित्तो ३० प्रतिशतमात्र काटिएको छ भने चिसेन्जीको ७० प्रतिशत काटिएको छ । देब्रेपट्टी दुबै पुलको ६५ प्रतिशत हाराहारी काटिएको छ । तुइनको भित्तो ४५ मिटर अग्लो चट्टानी भीर रहेकाले काम गर्न कठिन भएको हो ।

काम गर्नका लागि बाटो बनाउनमात्रै एक हप्ता लाग्ने गरेको उनले बताए । आयोजनाका प्रमुख किरण कार्कीका अनुसार यी पुलसँगै काम थालिएका नौ वटा पुल बनिसकेका छन् । यसअघि नै सो सडकका पाँच वटा पुल बनिसकेका थिए । पाँच पुल निर्माणाधीन छन् । एउटा पुलको जगमा ६ घर टहरा रहेकाले राहत रकम निकासा नहुँदा काम थाल्न नपाएको उनले बताए ।

विश्व बैंकको सहयोगमा गरिने काममा राहत अनिवार्य दिएरमात्र अतिक्रमण गरेर बसेकालाई हटाउनुपर्ने प्रावधान रहेको छ । यस्तै, अन्य पुल रहेका ठाउँमा २० घरटहरा रहेका छन् । ती हटाउनका लागि एक करोड रुपैयाँ हाराहारी राहत दिनुपर्ने हुन्छ । २०७६ चैत १० गते ३३ महिनामा सम्पन्न गर्ने गरी एक अर्ब २५ करोड रुपैयाँमा पुल निर्माणको ठेक्का दिइएको थियो । सम्झौताको भोलिपल्टबाट कोभिड देखिएकाले काममा अवरोध पुगेको ठेकेदार कम्पनी अनक कन्ट्रक्सनले बताउँदै आएको छ । पहिलो सम्झौताअनुसार पुस ९ गते सम्झौता अवधि सकिएको छ । निर्माण कम्पनीले थप एक वर्षको समय माग गरेको छ ।

सो सडकको चौडाइ ९ देखि ११ मिटरसम्म रहेकामा पुल साँघुरो भएपछि अहिले नयाँ निर्माण गरिएका पुल ११ मिटर फराकिला बनाइएको छ । *(स्रोत: रासस)*

# काठमाडौं महानगरले माग्यो १४५ शिक्षक

काठमाडौं: काठमाडौं महानगर पालिकाले पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको एसईई नतिजा सुधार गर्न २५ जना शिक्षण सहजकर्ता र १२० जना शिक्षण सहयोगी माग गरेको छ ।

महानगरपालिकाको शिक्षा विभागले सूचना जारी गर्दै शैक्षिक सत्र २०७९ मा एसईई परीक्षामा सहभागी हुने विद्यार्थीको सिकाइमा सहयोग तथा सहजीकरण गर्न विद्यालयहरुमा अनुभवी विज्ञ सहजकर्ता र शिक्षण सहयोगी माग गरेको जनाएको छ । विभागले त्यसको लागि खुला विज्ञापन गरेको हो । विभागले गणित, विज्ञान, अंग्रेजी, सामाजिक र नेपाली विषयका लागि पाँच/पाँच जना शिक्षण सहजकर्ता माग गरेको छ । शिक्षण सहजकर्ताका लागि विश्वविद्यालयका प्राध्यापक, मावि शिक्षक वा अधिकृतस्तरबाट अनिवार्य अवकाश भएका सम्बन्धित विषयका विज्ञ वा विभिन्न संघसंस्थामा कार्य गरेका कम्तीमा १० वर्ष अनुभव भएको व्यक्तिले सात दिनभित्र आवेदन दिन सक्नेछन् । त्यस्तै, विभागले शिक्षण सहयोगीमा गणित र विज्ञान विषयका लागि ६०-६० जना माग गरेको छ । यसका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा २ वर्ष शिक्षण अनुभव भएका व्यक्तिहरुले आवेदन दिन सक्ने सूचनामा उल्लेख गरिएको छ । *(स्रोत: अनलाइनखबर)*

# प्रतिबन्धित भारतीय नोटसहित युवक पक्राउ

वीरगञ्ज: वीरगञ्जबाट प्रहरीले प्रतिबन्धित भारतीय नोटसहित एक युवकलाई पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका–१, छपकैया बस्ने २१ वर्षीय जटाशंकर साह सोनार पक्राउ परेका हुन् ।

उनको साथबाट प्रतिबन्धित भारतीय ५०० र २००० दरका नोट १ लाख रुपैयाँ फेला परेको दावी प्रहरीले गरेको छ । माघ ३ गते दिउँसो प्रहरी चौकी ईनर्वा पर्साको टोलीले वीरगञ्ज–१६, शंकराचार्य गेटस्थित सडकखण्डबाट उनलाई पक्राउ गरेको थियो ।

शंकराचार्य गेट नजिकै भारतको रक्सौलबाट वीरगञ्जतर्फ आउने सवारी साधन तथा पैदल यात्रीहरूको नियमित जाँच हुने गरेको छ । सोही क्रममा जटाशंकरको पाइन्टको खल्तीबाट श्रोत नखुलेको भारतीय रुपैयाँ फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । बरामद गरिएको भारतीय रुपैयाँसहित उनलाई आवश्यक कारबाहीका लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । *(स्रोत: अनलाइनखबर)*

# मधेसका मुख्यमन्त्री यादवलाई सिंगो सदनको विश्वास

जनकपुरधाम: मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सदनमा उपस्थित सबै सांसदको विश्वासको मत पाएका छन् । बुधबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवलाई १०२ जना प्रदेशसभा सदस्यले विश्वासको मत दिएका हुन् ।

पुस २७ गते ६३ सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका जसपा संसदीय दलका नेता यादवलाई प्रदेशसभाको दोस्रो ठूलो दल नेपाली कांग्रेससहित १० वटै दलले विश्वासको मत दिएका हुन् । मुख्यमन्त्री यादवले नेकपा एमालेका २४, कांग्रेसका २२, जसपाका १६, जनमत पार्टीका १३, लोसपाका ९, नेकपा माओवादी केन्द्रका ७, नेकपा एकीकृत समाजवादीका ७, नागरिक उन्मुक्ति पार्टीका १, राष्ट्रिय प्रजातन्त्र पार्टीका १, नेपाल संघीय समाजवादी पार्टीका १ तथा पाँचजना स्वतन्त्र प्रदेशसभा सदस्यहरुसहित १०२ प्रदेश सांसदको समर्थन पाएका छन् । प्रदेशसभामा हाल १०५ सांसद छन् माओवादीका दुईजना सांसदको शपथ विवादका कारण रोकिएको छ । *(स्रोत: अनलाइनखबर)*

**पढ्नेको प्रतिक्रिया**

# बालमैत्री बनाउनुअघि विद्यालयको वातावरण

समृद्ध समाज दैनिकको बुधबारको अंकमा तेस्रो पृष्ठमा प्रकाशित 'विद्यालयमा सुर्तीजन्य तथा मादक पदार्थविरुद्ध पोस्टर टाँसिएन' शीर्षकको समाचार पढेपछि केही भन्न मन लाग्यो । हेटौंडा उपमहानगरपालिका बागमती प्रदेशको राजधानी पनि हो । प्रदेशको राजधानी हेटौंडा बालमैत्री पालिका घोषणाको तयारीमा छ । तर, बालमैत्री पालिका घोषणाका लागि गर्नुपर्ने तयारीमा भने ध्यान पुगेको देखिएन ।

विद्यालयमा पढ्दै गरेका बालबालिका अहिलेको अवस्थामा सुर्तीजन्य तथा मादक पदार्थ सेवन गर्ने अवस्थामा छन् । विद्यालय तहमा पढ्ने किशोरावस्थाका विद्यार्थीहरु देखासिकी गर्ने प्रचलनबाट पनि विद्यार्थीहरु सुर्तीजन्य पदार्थ, मादक पदार्थ हुँदै लागुऔषधको दूर्व्यसनमा समेत फसेका छन् ।

यस्तो अवस्थालाई सघनरुपमा निगरानी गरी विद्यालयका शिक्षकहरुले नै सुर्तीजन्य पदार्थ, मादक पदार्थ र लागुऔषध दूर्व्यसनबाट बालबालिकालाई बच्न र बचाउन आग्रह गर्ने गरी सचेतनामूलक सामग्री टाँस गर्ने प्रयास गर्नुपर्ने हो । यसर्थ म पनि एक विद्यार्थी नै भएको नाताले आदरणीय शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायका अधिकारीलाई आग्रह गर्छु कि आजका विद्यार्थीलाई सुर्तीजन्य पदार्थ, मादक पदार्थ, लागुऔषधको दूर्व्यसनबाट टाढा राख्न सक्दो प्रयास गरौं । किशोर विद्यार्थीलाई सचेत र सूचित गर्दै असल र सक्षम बनाउन सबैले सतर्कता अपनाऔं ।

*बिनु बिक*
*हेटौंडा-१, भैरवडाँडा*

## बालबालिकाले...

यसैगरी खाली पेटमा दही, केरा, बदाम खान राम्रो नहुने उनको भनाइ छ । कफी, दूधको चिया पनि खाली पेटमा खाँदा ग्यास्ट्रिकलगायत समस्या हुन सक्छ ।

**हाम्रो खानपान तालिका र बिहानको नास्ता**

बालबालिकाको हकमा बिहानको नास्ता महत्वपूर्ण भए पनि वयस्कका लागि त्यति अपरिहार्य नहुने पोषणविद् आरेम कार्की बताउँछन् । 'हाम्रो खानपान तालिका नै फरक भएकाले बिहान अनिवार्य नास्ता गर्नुपर्छ भन्ने छैन,' उनी भन्छन् ।

काम–व्यवहारका कारण हामी ८–९ बजे नै बिहानको खाना खाने गर्छौं । यो नै हाम्रो लागि बिहानको नास्ता जस्तै हो । 'बिहान उठ्नासाथ नास्ता खाने, फेरि ८–९ बजे खाना खाने गरियो भने त्यति फाइदाजनक नहुन सक्छ,' पोषणविद् कार्की भन्छन्, 'त्यसैले बिहानको नास्ता गर्नैपर्छ भन्ने कुरालाई दैनिक खानाको तालिका के छ भन्ने कुराले निर्धारण गर्छ ।'

यद्यपि बिहानको खाना भरपेट खानुपर्नेमा उनको पनि जोड छ । त्यसपछिका खाना भने क्रमशः कम गर्दै लैजानुपर्छ । रातको खाना सकेसम्म चाँडै खानु लाभदायक हुने कार्की सुझाउँछन् । 'राति हल्का खाना खानु उपयुक्त हुन्छ,' उनी भन्छन् । *(स्रोत: अनलाईनखबर)*

# विमानस्थलबाट युरोसहित २२ जना पक्राउ

काठमाडौं: त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले सरकारले तोकेको भन्दा धेरै युरो बोकेका २२ जनालाई पक्राउ गरेको छ । फ्लाई दुबईमार्फत् क्रोएसिया जान लागेका आरोपीहरुलाई अन्तर्राष्ट्रिय उडानतर्फको ह्याण्ड ब्यागेज एरियाबाट पक्राउ गरिएको त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ ।

विदेश जाँदा बैंकको छाप लगाएर १५ सयसम्म मात्रै युरो लैजान पाइन्छ । तर, आरोपीहरुको साथबाट प्रहरीले जनही २५ सयदेखि ३ हजारसम्म युरो बरामद गरेको छ । पक्राउ पर्नेहरुमा राजकुमार लिम्बु, रोहित रायमाझी, गोविन्द राना, महेन्द्र राई, सोनम तामाङ, राजु शाही, मिलन राई, राजु लामा, दशरथ राई, सोमबहादुर केसी, नवीन थापामगर, लोप्साङ तामाङसहित २२ जना छन् ।

सो युरो पदमबहादुर विश्वकर्माले दिएको आरोपीहरुले प्रहरीलाई बताएका छन् । विश्वकर्मालाई पनि पक्राउ गरेर राजस्व अनुसन्धान विभाग, हरिहर भवनमा पठाएको विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ । *(स्रोत: रातोपाटी)*

सम्पूर्ण विश्वसनीय
स्थानीय समाचार र विचारका
लागि
www.samriddhasamaj.com.np

कोठा भाडामा चाहियो ?

हेटौंडा-४, कान्तिराजपथस्थित व्यावसायिक प्रयोजन, कार्यालय प्रयोजनका लागि उपयोगी २ वटा कोठा भाडामा दिन सकिने भएकोले व्यवसाय गर्न चाहने वा कार्यालय सञ्चालनका लागि कोठा आवश्यक भएका व्यक्ति वा संस्थाका प्रतिनिधिले सम्पर्क गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क:
९८५५०-७१२८०/९८५५०-३२५९०/
९८५५०-६७२४२

### प्रदेशस्तरीय पुरुष भलिबल

# मकवानपुरले आज काभ्रेसँग खेल्ने

समाज संवाददाता

हेटौंडाः नेपाल खेलकुद महासंघ (नेकोस) बागमती प्रदेशको आयोजनामा प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ । रामेछापमा बुधबारबाट सुरु भएको प्रतियोगिताको प्रतिनिधिसभाका सदस्य तथा नेकपा एमालेका नेता गोकर्ण विष्टले उद्घाटन गर्नुभयो ।

प्रतियोगिताअन्तर्गत् आज बिहीबार हुने खेलमा मकवानपुरको भलिबल टिमले काभ्रेको भलिबल टिमसँग खेल्ने जिल्ला भलिबल संघ मकवानपुरका महासचिव सन्तोष श्रेष्ठले जानकारी दिनुभयो । मकवानपुरले बिहीबारको खेल जितेमा सेमिफाइनलमा स्थान बनाउनेछ ।

प्रतियोगितामा सहभागी जनाउन मकवानपुरका खेलाडी रामेछाप पुगिसकेका छन् । प्रतियोगितामा बागमती प्रदेशका १३ जिल्लामध्ये ११ जिल्लाका भलिबल टिमको सहभागिता छ । ललितपुर र भक्तपुर जिल्लाका भलिबल टिम सहभागी छैन ।

प्रतियोगिताको फाइनल खेल माघ ७ गते हुनेछ । प्रतियोगितामा प्रथम हुने टिमले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# राष्ट्रपति रनिङशिल्ड ९ गतेदेखि हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी माघ ९ गतेदेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गर्ने भएको छ । राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाभित्रका माध्यमिक विद्यालयहरुको सहभागिता रहनेछ ।

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता समितिको बुधबार बसेको बैठकले आगामी माघ ९ गतेबाट प्रतियोगिता गर्ने निर्णय गरेको हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले जानकारी दिनुभयो । उहाँका अनुसार हेटौंडा–४ स्थित हुप्रचौरमा हुने प्रतियोगितामा करिब ६० वटाभन्दा बढी माध्यमिक तहका विद्यालयहरु सहभागी हुने अनुमान गरिएको छ ।

माघ १० गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा ६ वटा खेल विधामा प्रतिस्पर्धा हुने उहाँले बताउनुभयो । हाइजम्प, लङजम्प, भलिबल, दौड, कराँतेजस्ता प्रतियोगिता हुने उहाँले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको संयोजकत्वमा बसेको बैठकले पुरस्कारको घोषणा गर्न बाँकी राखेको उहाँले बताउनुभयो । हेटौंडा–८ स्थित रहेको चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक जिधराज ढकालको संयोजकत्वमा १३ सदस्यीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन समिति गठन गरिएको छ ।

# ६ महिनामा १,४६२ पिन्ट रगत संकलन

समाज संवाददाता

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडाले ६ महिनाको अवधिमा एक हजार चार सय ६२ पिन्ट रगत संकलन गरेको छ । विभिन्न संघ, संस्थाको आयोजनामा हुने रक्तदान कार्यक्रम र रक्तसञ्चार केन्द्रमै आएर रक्तदान गर्ने व्यक्ति गरी कुल एक हजार चार सय ६२ पिन्ट रगत संकलन भएको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ ।

रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णुप्रसाद रिमालका अनुसार चालु आर्थिक वर्षको साउन महिनादेखि पुस मसान्तसम्ममा ४३ पटक रक्तदान कार्यक्रम विभिन्न संघ, संस्थाले आयोजना गरेका छन् । छ महिनाको अवधिमा जेसीआई बस्तीपुर हाँडीखोलाले आयोजना गरेको कार्यक्रममा सबैभन्दा बढी ५५ जनाले रक्तदान गरेका छन् । रगतको अभाव भएका बेला रक्तसञ्चार केन्द्रमै बोलाएर पनि रगत संकलन गर्ने गरिएको छ । कतिपय रक्तदाता आफ्नो अनुकुलमा रक्तसञ्चार केन्द्रमै पुगेर रक्तदान गर्ने गरेका छन् । रक्तसञ्चार केन्द्रमै पुगेर रक्तदान गर्नेको संख्यामा भने दुई सय १५ रहेको रक्तसञ्चार केन्द्रका प्राविधिक रिमालले जानकारी दिनुभयो ।

रक्तसञ्चार केन्द्र हेटौंडाले संकलन गरेको रगत हेटौंडामै रहेका स्वास्थ्य संस्थामा उपचार गराउने विरामी र छिमेकी जिल्ला चितवनमा रहेका अस्पतालमा उपचार गराउने विरामीका लागि उपयोग हुने गरेको छ । रक्तसञ्चार केन्द्रले नेगेटिभ ब्लडग्रुपका रक्तदाताको नाम सूचि नै तयार पारेर आवश्यक परेको बेलामा रक्तसञ्चार केन्द्रमै बोलाएर रगत संकलन गर्ने गरेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा रक्तसञ्चार केन्द्र हेटौंडाले तीन हजार ६९ पिन्त रगत संकलन गरेको थियो ।

# प्राध्यापक र विद्यार्थीलाई अनुसन्धानात्मक लेख लेखनसम्बन्धी कार्यशाला

समाज संवाददाता

हेटौंडाः हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका प्राध्यापक र विद्यार्थीका लागि दुई दिवसीय अनुसन्धानात्मक लेख लेखनसम्बन्धी कार्यशाला भएको छ । मंगलबार र बुधबार दुई दिनका लागि आयोजना गरिएको कार्यशालामा ५० भन्दा बढी प्राध्यापक तथा ५ जना विद्यार्थी सहभागी थिए । कार्यशालामा शिक्षाशास्त्र संकायअन्तर्गत स्नातक तह तथा व्यवस्थापन संकायतर्फ स्नात्तकोत्तर तहका विद्यार्थी सहभागी थिए ।

विश्वविद्यालय तहको शैक्षिक अभ्यासका लागि प्राध्यापक तथा विद्यार्थी समेतले अनुसन्धानात्मक शैक्षिक लेख लेख्नु आवश्यक रहेकाले कार्यशालाको आयोजना गरिएको क्याम्पस प्रशासनले जनाएको छ । कार्यशालामा मकवानपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुखद्वय डा. रामप्रसाद अधिकारी र डा. यमबहादुर सिलवाल, सहप्राध्यापक डा. लोकराज शर्माले सहजीकरण गर्नुभएको थियो । संकायगतरुपमा प्राध्यापक र विद्यार्थीले अनुसन्धानात्मक लेख लेख्ने तरिकाका बारेमा जानकारी गराइएको थियो । कार्यशालामा सहभागी प्राध्यापक तथा विद्यार्थीको ५ देखि ७ जनाको १० वटा समूहले अनुसन्धानात्मक लेखको खाका तयार पारेका थिए ।

विश्वविद्यालय अनुदान आयोगसँगको सहकार्यमा क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिको क्रियाकलाप गर्दै आएको मकवानपुर बहुमुखी क्याम्पसले क्याम्पसका प्राध्यापकको क्षमता अभिवृद्धिका लागि कार्यशालाको आयोजना गरिएको सहायक क्याम्पस प्रमुख डा. राप्रसाद अधिकारीले जानकारी दिनुभयो । मकवानपुर बहुमुखी क्याम्पसले अनुसन्धानात्मक शैक्षिक लेख प्रकाशनकै लागि अन्तर्राष्ट्रियस्तरको अनलाइन जर्नल प्रकाशन गर्दै आएको छ । यस्तै क्याम्पसका प्राध्यापकहरुले अन्तर्राष्ट्रिय जर्नलहरुमा आफ्नो लेख प्रकाशन गर्दै आउनुभएको छ ।

# आशा विशेष पाठशालालाई ह्वीलचेयर



*आशा विशेष पाठशालालाई ह्वीलचेयर हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरे समाज काठमाडौंले हेटौंडा–७ स्थित आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रलाई ह्वीलचेयर सहयोग गरेको छ । विद्यार्थीलाई आउजाउ गर्न सहयोग पुग्ने उद्देश्यले बुधबार आशा विशेष पाठशाला व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण चौलागाईंलाई २ वटा ह्वीलचेयर हस्तान्तरण गरेको हो ।

ह्वीलचेयरको आवश्यकतालाई मध्यनजर गर्दै मकवानपुरे समाजले २ जना विद्यार्थीलाई ह्वीलचेयर उपलब्ध गराएको चौलागाईंले जानकारी दिनुभयो । मकवानपुरे समाज काठमाडौंका अध्यक्ष अरुण कुमार गुरुङसहित समाजका पदाधिकारी उपस्थित भई ह्वीलचेयर हस्तान्तरण गरिएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १४ नम्बर वडा अध्यक्ष दीपक खड्काको पनि उपस्थिति रहेको थियो ।

४ जना ह्वीलचेयर प्रयोगकर्ता विद्यार्थीमध्ये ३ जनालाई ह्वीलचेयरको आवश्यकता भएपछि ह्वीलचेयर उपलब्ध गरेको उहाँको भनाइ छ । एक जना ह्वीलचेयर प्रयोगकर्ता विद्यार्थीलाई भने विद्यालयले नै ह्वीलचेयर उपलब्ध गराएको उहाँलले जानकारी दिनुभयो । विद्यालयमा ५६ जना विद्यार्थी अध्ययनरत छन् । उनीहरुमा शारीरिक तथा मानसिक अपाङ्गताको अवस्था छ । यसैबीच मकवानपुरे समाज काठमाडौं र रोटरी क्लब अफ मकवानपुरको सहकार्यमा हेटौंडा-१४, नयाँवस्तीकी क्यान्सर पीडित संगीता बललाई ह्वीलचेयर वितरण गरिएको छ ।

# डीएसपी खत्री प्रदेशकै उत्कृष्ट प्रहरी

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय धादिङमा कार्यरत प्रहरी नायव उपरीक्षक (डीएसपी) श्याम बहादुर खत्री बागमती प्रदेशको पुस महिनाको उत्कृष्ट प्रहरी घोषित हुनुभएको छ । खत्रीको कार्यमूल्याङ्कनको आधारमा बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले उत्कृष्ट प्रहरी घोषणा गरेको हो ।

खत्रीले आफुलाई दिइएको जिम्मेवारी कर्तव्यनिष्ठ ढङ्गबाट सम्पादन गर्दै गत मंसिर २६ गते धादिङको त्रिपुरासुन्दरी गाउँपालिका–३ का ७४ वर्षीय विष्णु बहादुर मगर र उनको श्रीमती ६७ वर्षीय निरमाया आले मगरको हत्या भएको घटनामा प्रभावकारी ढंगबाट अनुसन्धान गरी घटनामा संलग्न सोही ठाउँका १५ वर्षीय आशिष कोईराला र १३ वर्षीय रविन परियारलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको थियो । यस्तै विभिन्न अपराध नियन्त्रणमा खत्रीले उल्लेखनीय भूमिका खेलेको जनाएको छ । प्रदेश प्रहरी कार्यालयले हरेक महिना आफू मातहतको निकायमा कार्यरत प्रहरी कर्मचारीमध्येबाट उत्कृष्ट कार्य गर्नेलाई महिनाको उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गर्ने गरेको छ भने मातहतका निकायलाई पनि आफूमातहतका प्रहरी कर्मचारीमध्येबाट हरेक महिना उत्कृष्ट कर्मचारी घोषित गरी सम्मान गर्न निर्देशन दिएको छ ।

# हेटौंडाका विद्यालयमा शोक विदा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रका सामुदायिक विद्यालयमा बुधबार शोक विदा दिइएको छ । हेटौंडा-२ स्थित सिद्धार्थ माविमा प्राथमिक तह राहत दरबन्दीमा कार्यरत जमुना तितुङको निधनको शोकमा विद्यालयमा शोक सभा गरी विदा दिइएको हो ।

नेपाल शिक्षक महासंघ हेटौंडा उपमहानगर समितिको आव्हानमा विद्यालयमा शोक सभा गरी विदा गरिएको हो । हेटौंडा-७ की तितुङ अपाङ्गता भएका व्यक्ति हुनुहुन्थ्यो । तितुङ अपाङ्गता भएका व्यक्तिको हकअधिकारका लागि क्रियाशील अधिकारकर्मी समेत हुनुहुन्थ्यो । जन्मजात होचो कदको हुनाले स्वासप्रश्वाससम्बन्धी समस्यामा रहनुभएकी तितुङको मंगलबार दिउँसो ४ बजे चितवन जिल्लाको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो । तितुङको पार्थिव शरीरको अन्त्येष्टि बुधबार बिहान गरिएको छ ।

# श्रृंखलाबद्ध डकैतीमा संलग्न आरोपित पक्राउ

**काठमाडौंः काठमाडौं उपत्यकाका विभिन्न स्थानमा श्रृंखलाबद्ध डकैती गरेको आरोपमा फरार रहेका एक जना पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले डकैती गरेको आरोपमा एक जनालाई पक्राउ गरेको हो ।**

**काभ्रे तिमाल गाउँपालिका–५ का ३२ वर्षीय रोमन भन्ने मनराज तामाङलाई मंगलबार पक्राउ गरेको एसपी कृष्णप्रसाद कोइरालाले जानकारी दिए । उनलाई उनकै घर नजिकबाट पक्राउ गरिएको हो । थप अनुसन्धानका लागि प्रहरी वृत्त बौद्धमा पठाइएको छ ।**

**काठमाडौं उपत्यका तथा बाहिरी जिल्लाहरूमा समेत उनीलगायतको समूहले डकैती गर्ने गरेको आरोप थियो । संगठितरुपमा अपराधमा संलग्न रहेको आरोप उनीमाथि थियो । गत असारमा शंखरापुर–९, खुलालटारका लालबहादुर थापाको घरमा पनि डकैती भएको थियो । हतियार देखाएर २ लाख ४१ हजार बराबरको सुन–चाँदीका गरगहना तथा मोबाइल डाँका मारी फरार भएका थिए । उनीहरूले हतियार देखाएर धम्क्याइ डकैती गर्ने गर्थे ।**

**असार १२ गते शंखरापुर–९ स्थित सुशीला थापाको घरमा भएको ६ लाख ५ हजार ७५० रुपैयाँ बराबरको डकैतीमा पनि उनको संलग्नता रहेको एसपी कोइरालाले बताए । असार २० गते बनेपा–११ का सलाम सिंह लामाको घरमा १२ लाख ४९ हजार बराबरको डकैती भएको थियो । कीर्तिपुर–६ का नारायण बस्नेतको घरमा पनि डकैती भएको थियो । साउन २४ गते उनलाई हतियार देखाएर ५६ लाख ६५ हजार १२४ रुपैयाँ बराबरको धनमाल डाँका मारिएको थियो ।**

**एसपी कोइरालाका अनुसार उनले यसअघि पनि जेल सजाय पाइसकेका छन् । उनी हत्या मुद्दामा १० वर्ष जेल भुक्तान गरी छुटेका व्यक्ति हुन् । २०६८ सालमा ललितपुरको झरूवारासीमा डकैती गर्ने क्रममा एक जनाको हत्या भएको थियो ।**

**जिल्ला अदालत ललितपुरबाट २०६९ चैत १२ गते १० वर्ष कैद सजाय सुनाइएको थियो । उक्त मुद्दामा उच्च अदालत पाटन र सर्वोच्च अदालतले पनि सदर गरी उनले कैद भुक्तान गरेका थिए । *(स्रोतः सेतोपाटी)***

## शोरूम सरेको सूचना

लोकप्रिय अप्रिला र भेस्पा ब्राण्डको स्कुटरको शोरुम हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्प अगाडि) बाट हेटौंडा-१०, मेनरोडस्थित चित्रभवन (हुण्डाईको शोरुमसँगै) मा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ ।

Vespa aprilia
RS Lifestyles
हेटौंडा-१०, चित्रभवन
९८०२९८८७६०

## जग्गा बिक्रिमा

- २० फिट बाटो भएको
- पानी बत्तीको सुविधा
- प्लटिङ्ग गर्न मिल्ने
- पूर्व दक्षिण मोहडा भएको
- १० कठ्ठा १० धुर
- मूल्य कठ्ठाको रु ८,००,०००/–




सम्पर्कः ९८५१०९०२७२
दलालले कष्ट नगर्नुहोला ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ